# भगवानपुर गाउँपालिकाको पालिका प्रहरी व्यवस्थापन कार्यविधि, २०७९

कार्यपालिकाबाट स्वीकृत मिति- २०८०/०२/२४

प्रमाणित
२०८०/०२/२४

गाउँ कार्यपालिकाको कार्यालय
भगवानपुर, सिरहा
मधेश प्रदेश, नेपाल

भगवानपुर गाउँपालिका

सिरहा जिल्ला

मधेश प्रदेश

## भगवानपुर गाउँपालिकाको प्रहरीको गठन, सञ्चालन र व्यवस्थापन गर्ने सम्वन्धी कार्यविधि, २०७९

**प्रस्तावनाः**

भगवानपुर गाउँपालिका भरि सार्वजनिक सम्पतीको संरक्षण लगायत समुदायमा स्थानीय कानुनको परिपालना गराई सुव्यवस्था कायम राख्न गाउँपालिकाको आफ्नै पालिका प्रहरी संगठन स्थापना र संचालन गर्न बाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम भगवानपुर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयले भगवानपुर गाउँपालिका प्रहरीको गठन, सञ्चालन तथा व्यवस्थापन गर्न यो कार्यविधि तयार पारेको छ ।

### परिच्छेद १

**संक्षिप्त नाम र प्रारम्भः**

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः** (१) यस कार्यविधिको नाम "भगवानपुर गाउँपालिकाको पालिका प्रहरी व्यवस्थापन कार्यविधि, २०७९" भन्ने रहेको छ।

(२) यो कार्यविधि भगवानपुर गाउँपालिका भरिमा लागू हुनेछ ।

(३) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "कार्यविधि" भन्नाले "भगवानपुर गाउँपालिकाको पालिका प्रहरी व्यवस्थापन कार्यविधि, २०७९" लाई सम्झनु पर्दछ ।

(ख) "गाउँपालिका" भन्नाले भगवानपुर गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ग) "अध्यक्ष" भन्नाले भगवानपुर गाउँपालिकाका अध्यक्षलाई सम्झनु पर्दछ।

(घ) "उपाध्यक्ष" भन्नाले भगवानपुर गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्दछ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले भगवानपुर गाउँपालिका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(च) "पालिका प्रहरी" भन्नाले यस कार्यविधि अन्तर्गत भगवानपुर गाउँपालिकामा नियुक्त प्रहरी कर्मचारीलाई सम्झनुपर्दछ ।

(छ) "गाउँपालिका प्रहरी प्रमुख" भन्नाले जुनियर डयूटी अफिसरलाई सम्झनुपर्दछ ।

गाउँ कार्यपालिकाको कार्यालय भगवानपुर, सिराहा मधेश प्रदेश, नेपाल

### परिच्छेद — २

**पालिका प्रहरी सेवाको गठन, रेखदेख र नियन्त्रणः**

**३. पालिका प्रहरीको गठनः** (१) यस कार्यविधि वमोजिम गाउँपालिकामा एक पालिका प्रहरीको गठन गरिनेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि प्रहरीको गठन र त्यसमा रहने संख्याको पद निर्धारण गाउँ कार्यपालिकाले समय समयमा तोके बमोजिम हुनेछ ।

**४. पालिका प्रहरी सेवाको रेखदेख र नियन्त्रणः** (१) गाउँपालिकामा गठन हुने प्रहरी सेवामा रेखदेख र नियन्त्रण यसै कार्यविधि र प्रचलित कानुन बमोजिम प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ ।

२०७९/८/२४

## परिच्छेद — ३

### पालिका प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकारः

**५. पालिका प्रहरी कर्मचारीको कर्तव्यः** (१) पालिका प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ।

(क) गाउँपालिकाको नीति, कानुन, मापदण्ड तथा निर्णय कार्यान्वयन,

(ख) गाउँपालिकाको चल अचल सम्पतिको सुरक्षा र संरक्षण,

(ग) स्थानीयस्तरमा हुने सभा, समारोह, परम्परा तथा जात्रा चाडपर्वको सुरक्षा व्यवस्थापन,

(घ) स्थानीय बजार तथा पार्किंग स्थलको रेखदेख र व्यवस्थापन,

(ङ) गाउँपालिका सरसफाइ सम्बन्धी मापदण्डको कार्यान्वयन,

(च) न्यायिक समितिले गरेको मिलापत्र तथा निर्णयको कार्यन्वयन,

(छ) सार्वजनिक, ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको सुरक्षा,

(ज) विपद व्यवस्थापन सम्बन्धि खोजी, उद्धार, राहत तथा पुनस्थापना,

(झ) स्थानीय प्राकृतिक स्रोत र अचल सम्पत्तिको संरक्षण चोरी निकासी नियन्त्रण,

(ञ) छाडा पशु चौपायाको नियन्त्रण,

(ट) अनधिकृत निर्माण तथा सार्वजनिक सम्पति अतिक्रमण रोकथाम तथा नियन्त्रण,

(ठ) कार्यालयले तोकेको अन्य कार्य,

## परिच्छेद — ४

### तह, सृजना र पदपूर्ति

**६. पालिका प्रहरीको दरवन्दी सृजनाः** (१) गाउँपालिकामा रहने पालिका प्रहरी कर्मचारीको दरवन्दी सृजना र खारेजी सम्बन्धी कार्य गाउँ कार्यपालिकाले गर्नेछ ।

(२) पालिका प्रहरीको दरवन्दी सृजना गर्दा त्यस्तो दरवन्दीमा रहने पदले गर्ने कार्य विवरण, अल्पकालिन तथा दीर्घकालिन रुपमा पर्ने वित्तीय दायित्यको विश्लेषण गर्नुपर्नेछ ।

**७. पालिका प्रहरीमा रहने पदहरुः** (१) पालिका प्रहरीमा देहाय बमोजिमका पदहरु रहनेछन् ।

(क) गाउँ प्रहरी सहायक निरिक्षक (सहायक स्तर पाँचौ, इन्चार्ज)

(ख) गाउँ प्रहरी जवान (सहायक स्तर दोश्रो)

**८. पदपुर्ति समितिको गठनः** (१) गाउँ कार्यपालिकाको वैठकले पालिका प्रहरी पदपूर्ती समितिको गठन गर्न सक्नेछ । तर गाउँपालिका स्थानीय सेवा कार्यविधिमा रहेको पदपूर्ती समिति कृयाशिल भएमा सोही समितिले नै पालिका प्रहरी पदपूर्ती समितिको कार्य गर्न सक्नेछ ।

**९. करार सेवामा नियूक्ति गर्नु पर्नेः** (१) यस कार्यविधि जुनसुकै कुरा उल्लेख गरेमा पनि हाललाई पालिका प्रहरीको कुनै पदपूर्तिको लागि रिक्त पदमा तोकिए वमोजिमका तहमा काम गर्नेगरी करारमा नियुक्ति गर्नु पर्नेछ ।

१०. **पालिका प्रहरीको आवश्यक योग्यताः** (१) पालिका प्रहरीको योग्यता सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ ।

(क) पालिका प्रहरी सहायक निरिक्षकः यस पदको लागि कुनै विषयमा प्रमाणपत्र तह वा बाह्र कक्षा उर्तिण गरी ४० वर्ष उमेर ननाघेको ।

(ख) पालिका प्रहरी जवानका लागी आधारभुत शिक्षा वा सो सरह उर्तीण गरी १८ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेको ।

(२) उपदफा (१) को प्रकरण नं. क र ख बमोजिमका पदमा नियुक्त गर्दा नेपाल प्रहरी एवं नेपाली सेनाबाट निवृत्त भएका वा उपदान सेवा लिई राजिनामा गरेका व्यक्तिहरुलाई पहिलो प्राथमिकता दिईने छ ।

(३) दफा ७ को उपदफा १ (क, ख र ग) बमोजिमका पालिका प्रहरीको नियुक्ति गर्दा पदपुर्ति समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले नियुक्ति दिनेछ ।

११. **विज्ञापन सम्बन्धी व्यवस्थाः** पालिका प्रहरीको भर्नाको लागि विज्ञापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद — ५

**संजाय र पुनरावेदनः**

१२. **सजायः** उचित र पर्याप्त कारण भएमा पालिका प्रहरी कर्मचारीलाई देहायको सजाय गर्न सकिनेछ

क. नसिहत दिने ।

ख. तलब बृद्धि रोक्का गर्ने ।

ग. तल्लो तहमा घटुवा गर्ने

घ. लापरवाही गरी गाउँपालिकलाई नोक्सानी भएको सम्पूर्ण वा आंशिक रुपमा तलव भत्ताबाट कट्टी गरी असुल गरिने,

ङ. भविष्यमा अयोग्य नठहरिने गरी नोकरीबाट बरखास्त गर्ने

च. भविष्यमा अयोग्य ठहरिने गरी नोकरीबाट बरखास्त गर्ने

१३. **नसिहत दिनेः** (१) प्रमुख प्रशासकीय अधिकृतले दिएको आदेशको अवज्ञा गर्ने वा तोकिए बमोजिमको आफ्नो काम कर्तव्य पूरा नगर्ने पालिका प्रहरी कर्मचारीलाई नसिहत दिईनेछ ।

(२) उपदफा (१) बमोजिम १ वर्षमा ३ पटक भन्दा वढी नसिहत पाएका पालिका प्रहरी कर्मचारीलाई प्रकृया पूरा गरी सेवाबाट हटाईने छ ।

१४. **तलब वा वढुवा रोक्नेः** पालिका प्रहरी कर्मचारीको काम सन्तोषजन नभएमा सजाय गर्ने अधिकारीको निजको तलब वा पदोन्नती रोक्का गर्न सक्नेछ ।

१५. **तह र तलब घटाउनेः** (१) कुनै पालिका प्रहरी कर्मचारीले देहाय बमोजिमको कसूर गरेमा निजलाई १ तह घटुवा गरी सोही घटुवा भएको तहको तलब भत्ता उपलब्ध गराईनेछ ।

क. सन्तोषजन काम नगरेमा

ख. अनुशासनहिनता गरेमा

ग. आचरण सम्बन्धी कार्यविधि उल्लंघन गरेमा,

घ. गाउँपालिकाले दिएको आदेश निर्देश नमानेमा वा कार्यान्वयन नगरेमा,

ङ. मनासिव कारण विना विदा स्वीकृत नगराई विदा बसेमा,

च. तोकिए बमोजिमको जिम्मेवारीमा लापर्वाही गरेमा वा पुरा नगरेमा।

१६. **सेवाबाट हटाउने वा बर्खास्त गर्नेः** (१) पालिका प्रहरी कर्मचारीलाई देहाय बमोजिमको कसुर गरेमा सेवाबाट हटाउन वा बर्खास्त गर्न सक्नेछ ।

(क)अयोग्यताको कारण आफ्नो पदीय जिम्मेवारी पुरा गर्न नसकेमा,

(ख)राजनीतिमा भाग लिएमा

(ग) बारम्बार अनुशासनहीन काम गरेमा,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट प्रमाणित भएमा

(ङ) कार्यालय समयमा मादक पदार्थ सेवन गरी हिडेमा

(च) प्रचलित कानुन बमोजिम भ्रष्ट्राचाराजन्य कसुर गरेमा

(छ)पदीय जिम्मेवारी अनुसुरको आचरण नगरेमा

(च) आचरण सम्बन्धी नियमहरु पटक पटक उल्लंघन गरेमा

१७. **सजाय सम्बन्धी कार्यविधिः** (१) प्रहरी कर्मचारीलाई सजाय गर्ने र गराउन आदेश दिने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ ।

(२) पालिका प्रहरीलाई सजायको आदेश दिनु अघि कारवाही गर्न थालिएको विषयमा र सजाय स्पष्ट खुलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछ । त्यस्तो सफाई पेश गर्न आदेश दिंदा गराईएका आरोप स्पष्ट रुपले किटिएको हुनु पर्दछ ।त्यस्तो प्रहरी कर्मचारीलाई सजाय गर्ने अधिकारीले तोकिएको म्याद भित्र आफ्नो सफाई र प्रस्तावित सजायको लिखित रुपमा स्पष्टीकरण पेश गर्नु पर्दछ ।

तर भागी पत्ता नलागेको वा सम्पर्क स्थापित गर्न असम्भव भएको पालिका प्रहरी कर्मचारीको सम्बन्धमा यस कार्यविधि बमोजिमको कार्यविधिको रीत पुर्याउनु पर्नेछ ।

१८. **पुनरावेदन लाग्नेः** दफा १२ बमोजिमको कारबाहीमा चित्त नबुझेमा पैतीस दिनभित्र उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

## परिच्छेदः ६

**तलब भत्ता, सेवा सुविधा सम्बन्धी व्यवस्थाः**

१९. **पारिश्रमिक, राशन, विदा तथा अन्य सुविधाः** (१) पालिका प्रहरीको पारिश्रमिक, राशन, बिदा तथा अन्य सेवा शर्त र सुविधा यस कार्यविधि, नियम र करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

(२) कार्यालयलाई पालिका प्रहरीको सेवा आवश्यक छ भन्ने लागेमा निजको कार्य सम्पादनको आधारमा करारको म्याद आवश्यकता अनुसार दुई बर्षमा नबढने गरी थप गर्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखेको भएतापनि कार्य सम्पादन स्तर संन्तोष जनक नरहेको पालिका प्रहरीको सेवा करार सम्झौता कार्यालयले जुनसुकै समयमा रद्द गर्न सक्नेछ ।

लजीमा

२०८०/०२/२४

परिच्छेदः ७

पोशाक र दर्ज्यानी चिन्हः

२०. पोशाक र चिन्हः पालिका प्रहरीको दर्ज्यानी चिन्ह, ब्याज, पोशाक र सोको रंग सम्बन्धी व्यवस्था कार्यपालिकाले तोकिए बमोजिम हुनेछ ।

परिच्छेदः ८

विविधः

२१.तालिमः (१) छनौट भएका पालिका प्रहरीलाई औपचारिक जिम्मेवारीमा खटाउनु पुर्व नेपाल प्रहरीसँगको समन्वयमा न्युनतम सात दिनको आधारभुत तालिम प्रदान गर्नुपर्नेछ ।

२२. पुरस्कारः प्रशंसनीय एवं उत्कृष्ट कार्य सम्पादन गर्ने पालिका प्रहरीलाई गाउँपालिकाको कार्यालयले पुरस्कृत गर्न सक्नेछ।

२३. कार्य सञ्चालन प्रक्रियाः कार्यालयले पालिका प्रहरीको कार्य सञ्चालन प्रक्रिया बनाई लागू गर्न सक्नेछ ।

२४. बचाउ तथा खारेजीः(१) यस कार्यविधिको उद्देश्य कार्यान्वयन गर्नलाई कार्यपालिकाले आवश्यक ऐन तथा नियम बनाउन सक्नेछ।

आज्ञाले
शिवेन्द्र कुमार मण्डल
प्रमुख प्रशासकीय अधिकृत